दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक २० | बुटवल | २०८१ माघ ०१, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Jan 14, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


दुम्किबास पुल भांचिएको घटना :

## भारतीय ओभरलोड गाडी गुड्न दिन्नौं : ट्रक व्यवसायी

**नेपालका सडक र पुललाई जोगाउन तथा नेपाली ट्रक व्यवसायीलाई पलायन हुन नदिने एउटै उपाय भारतीय गाडीको ओभरलोडलाई भन्सार विन्दुमै कडाईका साथ नियन्त्रण हो ।**



**टिआर शर्मा**

*बुटवल*

बुटवल-नारायणगढ खण्डको दुम्कीबासमा पुस २६ गते भारतीय हेभी ट्रकले ठक्कर दिंदा पुल भाँचिएको घटनापछि विभिन्न कोणबाट वहस र विश्लेषण भइरहेका छन् । ट्रक यातायातब्यावसायी महासंघ,नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ,पश्चिमाञ्चल यातायात व्यवसायी समिति सहितका संघ संस्थाले पनि भारतीय ओभरलोडका कारण पुल भांचिएको दावी गरेका छन्

पुस २६ गते दिउसो एन एल ०१ ए एच ५१७९ नम्बरको भारतीय नम्बर प्लेटको ट्रक पुलबाट पूर्वतर्फ पास हुने क्रममा पुल एक्कासी भाँचिएको थियो । कृष्णनगरबाट आएको उक्त भारतीय ट्रकले शिवम सिमेन्ट उद्योगको लागि हेभी जेनेरेटर मेसिन बोकेको थियो ।

जेनेरेटर सहित उक्त ट्रकको भार (तौल) कति थियो भन्ने यकिन हुन सकेको छैन तर नेपालको सडक र पुलको भार वहन क्षमता भन्दा निकै धेरै तौल भएकाले नै पुल भांचिएको ट्रक व्यवसायीको दावी छ ।

सरकारले ओभरलोड भारतीय गाडी नियन्त्रणमा संवेदनशील नभएकै कारण नेपालका अर्बौं लगानीका पुल र सडकमा क्षति भएको र नेपाली ट्रक व्यवसायीहरुको काम समेत खोसिएको भन्दै लुम्बिनी प्रदेशका ट्रक व्यवसायीले ओभरलोड भारतीय ट्रकलाई नेपालमा गुड्न नदिने घोषणा गरेका छन् । सोमबार भैरहवामा आयोजित पत्रकार सम्मेलनमा ट्रक व्यवसायी महासंघ लुम्बिनी प्रदेश अध्यक्ष यमप्रसाद पाण्डेले सरकारले ओभरलोडलाई कडाईका साथ नरोके व्यवसायीले रोक्ने चेतावनी दिए ।

'हामीले वर्षौंदेखि ओभरलोड नियन्त्रण गरौं भनेर पटक पटक आन्दोलन गऱ्यौं,तर राज्यका सम्बन्धित निकायले हाम्रो मागलाई बेवास्ता गरे,त्यसैको परिणाम अहिले दुम्किबासको पुल भांचिएको हो'-अध्यक्ष पाण्डेले भने-'ट्राफिक प्रहरीले १५ सय रुपैया जरिवाना लिएर गुड्न दिएपनि हामीले अब ओभरलोड भारतीय गाडी गुड्न कुनै हालतमा दिदैनौं ।'

भारवहन सम्बन्धी राज्यले बनाएका ऐन कानून अनुसार भन्सार विन्दुमै ओभरलोड नियन्त्रण गरिनुपर्ने आफूहरुको माग रहेको उनले बताए ।

मालवाहक सवारी साधन भारवहन नियमन सम्वन्धि कार्यविधि २०७१ ( संशोधन २०७४) अनुसार मालवाहक सवारीले प्रस्थान विन्दु नजिक, मध्य बिन्दु र गन्तव्य नजिकको तौलपुलमा अनिवार्य रुपमा तिन पटक तौल गराई लोडसिट राखेर मात्र सवारी साधन सञ्चालन गर्नुपर्ने व्यवस्था छ । तर यो व्यवस्था पालना नभएको अध्यक्ष पाण्डेले बताए ।

'ओभरलोड भारतीय ट्रकलाई राज्यका निकायले नै रोकुन् भन्ने हाम्रो माग हो, राज्यले नरोके व्यवसायीले रोक्छन्, त्यसमा राज्य पक्षले अवरोध र हस्तक्षेप गर्न पाउँदैन'-पाण्डेले भने ।

पश्चिमाञ्चल यातायात व्यवसायी समिति बुटवलका अध्यक्ष टिकाराम गौतमले भारतीय गाडीलाई ओभरलोड बोक्न छुट दिंदा सडक र पुलमा मात्र क्षति नभई नेपाली ट्रक व्यवसायीको व्यवसाय नै संकटमा परेको बताए ।

'ओभरलोड गाडीको सामान भन्सार विन्दुमा पल्ट्रीको व्यवस्था पुर्ण रुपमा कार्यान्वयन नहुँदा नेपाली ट्रक व्यावसयीहरुले बिजनेस पाउन सकेका छैनन्, ट्रक व्यवसायमा भएको निजी क्षेत्रको करोडौंको लगानी समेत जोखिममा परेको छ, सयौं व्यवसायीहरु पलायन भएका छन्'- गौतमले भने-'नेपालका सडक र पुललाई जोगाउन तथा नेपाली ट्रक व्यवसायीलाई पलायन हुन नदिने एउटै उपाय भारतीइ गाडीको ओभरलोडलाई भन्सार विन्दुमै कडाईका साथ नियन्त्रण हो ।'

ट्रक व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष लोकराज पोखरेलले सरकारले निर्धारण गरेको मापदण्ड अनुसार नेपाली सडकको बनावट र भारवहन क्षमता ४० टन मात्र रहेको छ । जसअनुसार ६ चक्के ट्रकले १० टन, १० चक्के ट्रकले १७ टन, १२ चक्के ट्रकले २१ टन र १४ चक्के ट्रकले २५ टन सम्म मात्रै लोड बोक्न पाउने र नेपाली सडकले भार थेग्न सक्ने पोखरेलले बताए । तर भन्सार प्रशासन र प्रहरी प्रशासनको उदासिनताले यो मापदण्ड भन्दा दोब्बर बढी भार बोकेका भारतीय गाडीलाई जरिवाना गराएर उमुक्ति दिइदै आएको पोखरेलले बताए ।

गत मंसिर २ गते गृहमन्त्री रमेश लेखकको उपस्थितिमा सवारी साधन दुर्घटना न्यूनीकरणसम्बन्धी भएको छलफलमा ओभरलोड बोकेका सवारी साधन दुर्घटना भएमा उक्त सवारी साधनले पार गरेको अन्तिमको प्रहरी इकाइ प्रमुखलाई जिम्मेवार बनाउने निर्णय भएको स्मरण गराउँदै लुम्बिनी प्रदेशका सम्बन्धित निकायलाई कारवाही गर्न माग गरेका छन् ।

मालवाहक सवारी साधन भारवहन नियमनसम्बन्धी कार्यविधि २०७१ ( संशोधन २०७४) लागू भएको अवस्था र कार्यविधिको दफा २ को (झ) मा मालवाहक सवारी साधनले बोकेको सामान सहितको भार प्रमाणित हुने सम्बन्धित सरकारी निकायको वा नेपाल ट्रक यातायात व्यवसायी महासंघले सञ्चालन गरेका तौलपुलले जारी गरेको प्रमाणित कागजात अनिवार्य रुपमा लिएर हिंड्नुपर्ने व्यवस्थालाई भारतीय ओभरलोड ट्रकहरुले उल्लंघन गरेका कारण नेपालका राष्ट्रिय राजमार्ग र पुल पुलेसामा क्षति हुनुका साथै दुर्घटना समेत हुन गएको पोखरेलले बताए ।

» बाँकी ३ पेजमा

# वैभव फर्काउने जमर्को

**शेरबहादुर केसी**

*रिडी*

कुनै बेला रूरू क्षेत्रको ख्याति निकै फैलिएको थियो । धार्मिक, सांस्कृतिक र व्यापारिक केन्द्र रूरू क्षेत्र अर्थात रिडी कालान्तरमा ओझेलमा पऱ्यो । रूरू क्षेत्रको धार्मिक महिमालाई प्रचार गरी विगतको वैभव फर्काउने जमर्को हुँदैछ ।



कुनै बेला रिडीको वैभव भारतदेखि तिब्बतसम्म थियो ।सेनकालदेखि फैलिएको रिडीको वैभव २००७ सालको परिवर्तनपछि ओझेलमा पऱ्यो । पहिलेको त्यो वैभवको चर्चा क्रमशः खुम्चियो । शासनसत्तामा बस्नेहरुले यहाँको महत्वलाई मान्दा रिडी चर्चामा आयो । बस्नेहरुको नजर नपर्दा ओझेल पऱ्यो । लुम्बिनी प्रदेश सरकारले रूरू क्षेत्रको बृहत्तर विकासको लागि गुरुयोजना बनाएर पूर्वाधार विकासको काम अघि बढेको छ । गुरुयोजना कार्यान्वयनले पहिलेको स्वर्णीम युगफर्किने आशा पलाएको छ । रिडीको सांस्कृतिक र धार्मिक वैभवलाई पर्यटन प्रवर्द्धनसंग जोडेर पूर्वाधार विकासको भिजन पूर्व मुख्यमन्त्री शंकर पोखरेलले अघि सारेका हुन् । यो योजना कार्यान्वयन प्रक्रिया अघि बढेपछि रिडीको गुमेको चमक फर्कने आशा पलाएको हो । गुमेको चमक फर्कने आशाले स्थानीय उत्साहित छन् ।

रूरू क्षेत्रको सम्पदा र संस्कृतिबारे अध्ययन गरेका संस्कृतिविद् डा. गितु गिरीले भने– ' सांस्कृतिक,ऐतिहासिक र धार्मिक स्थल रूरू क्षेत्रमा पूर्वाधार विकास गर्दा पर्यटन प्रवर्द्धन राम्रो हुनसक्छ ।'

**रूरू क्षेत्रको महिमा**

हिन्दु समुदायमा कालीगण्डकी नदीलाई निकै पवित्र मानिन्छ । त्यसैगरी, रूरू क्षेत्रलाई पनि उत्तिकै पवित्र धामका रुपमा लिइन्छ । यहाँका धेरै सम्पदा निकै महत्वपूर्ण छन् । ती सम्पदालाई हिन्दु संस्कृतिमा निकै श्रद्धागरिन्छ । पवित्र कालीगण्डकी र रूरू क्षेत्र सहित यहाँको महत्वपूर्ण स्थल ऋषिकेश मन्दिर हो । यो मन्दिर २०६७ सालको असोजमा ब्राजिलमा भएको युनेस्को सम्मेलनमा विश्व सम्पदा सूचीको मनोनयनमा परेको छ ।

जनश्रुतिअनुसार, सोऱ्हौं शताब्दीमा पाल्पाका राजा मणिमुकुन्द प्रथमले कुनै दिन सपनामा नारायणको मूर्ति कालीगण्डकीमा छिपेको छ निकाल्नु भन्ने जानकारी पाए । कार्तिक शुक्ल एकादशीका दिन कालीगण्डकीमा स्नान गर्न गए । स्नान गर्दै गर्दा उनले कालीगण्डकीको गर्भमा ऋषिकेश भगवानको मूर्ति फेला पारे । फेला पारेको मूर्ति राजाले अहिले मन्दिर भएको स्थानमा प्रतिस्थापन गरे । त्यसबेलादेखि नै हरिबोधिनी एकादशीका दिन धार्मिक महिमाका साथ पूजा अर्चना गर्ने प्रचलन निरन्तर चल्दै आएको छ । हरिबोधिनी एकादशीको भोलीपल्ट द्धवादशीका दिन खटयात्रा गरिन्छ । रूरू क्षेत्र अर्थात रिडीमा माघ स्नानको निकै महत्व रहेको मानिन्छ । सूर्य धनु राशीबाट मकर राशीमा प्रवेश भएको संक्रान्तिको दिनले ठूलो महिमा बोकेको छ । सूर्य मकर राशीमा प्रवेश गर्ने भएकाले यसलाई मकर संक्रान्ति भनिन्छ । मकर संक्रान्ति माघ महिनाको पहिलो दिन पर्ने भएकाले यसलाई माघे संक्रान्ति पनि भनिन्छ । मकर संक्रान्तिमा गरिने स्नानलाई निकै राम्रो मानिन्छ ।स्थानीय मकर संक्रान्तिलाई जेठी, माघ २ गतेलाई माहिली र ३ गतेलाई कान्छी संक्रान्ति भन्छन् । तीनदिनसम्म लगातार गण्डकीमा स्नान गरे निकै पुण्य हुने विश्वास छ । त्यसो त माघमा गण्डकी स्नानलाई निकै राम्रो मानिन्छ । ' गण्डकीको तटमा रहेको रूरू क्षेत्र पवित्र तीर्थस्थल हो, यहाँ स्नान गर्दा सबै ऋण र पापबाट मुक्ति पाइन्छ- धर्म गुरु व्यासाचार्य किशोर गौतमले भने ।

अठार महापुराण मध्येको एक बराह महापुराणमा रूरू क्षेत्रको बारेमा चर्चा छ । गण्डकीमा जीवित छदा स्नान गर्ने र निधन भएपछि अस्थि सेलाउने काम निकै महत्वपूर्ण रहेको विश्वास छ ।

मकर संक्रान्तिमा यहाँ लाग्ने मेला नेपाल लगायत भारतमा पनि प्रख्यात छ । अहिले यहाँ तीन दिनसम्म मेला लाग्छ । इतिहासकार निर्मल श्रेष्ठका अनुसार, सेनकालमा राजाले मकर संक्रान्तिदेखि हिउँदे मेला लाग्ने चलन चलाएका थिए । त्यसबेला यो मेला तीन चार महिना सम्म चल्दथ्यो । त्यो बेला यहाँको मेलामा व्यापार गर्न भारत र पहाडी क्षेत्रका विभिन्न राज्यका साहुमहाजन आइपुग्थे । अहिले पनि तीन दिने रिडी मेलामा पहाड र तराईका विभिन्न स्थानीय उत्पादन विक्री गर्न ल्याइन्छ ।

**२००७ सालपछि ओझेलमा**

भारतका तीर्थस्थल सरकारी निकाय, साधुसन्त र अन्य साहुमहाजनले प्रचारमा ल्याएपछि श्रद्धालुहरुको घुँइचो लाग्दै आएको छ । वर्षेनी धेरै नेपाली भारतका तीर्थस्थलमा पुगिरहेका छन् । सरकारले न त रिडीको महिमाको प्रचार गऱ्यो न त पूर्वाधार निर्माणमा लाग्यो । सरकारले प्राथमिकतामा नपर्दा रिडी ओझेलमा पऱ्यो । साधुसन्तले पनि रिडीको प्रचारलाई प्राथमिकता दिएनन् । कुनै बेला रिडीमा बसेर व्यापारमा जमेका साहुमहाजनले पनि त्यसो गर्न आवश्यक ठानेनन् । बरु ओझेलमा पर्दै गएपछि रिडी छाडेर हिडे । उनीहरुका लागि पनि रिडी बिरानो भयो ।

सेनकालमा रिडीको वैभव जति फैलियो, त्यो नेपाल एकीकरणपछि पनि रोकिएन् । राणाकालमा पनि रिडीको चर्चा चुलियो । सेनकालको शक्तिशाली पाल्पा राज्यमा पर्ने रिडीले त्यसबेला पनि महत्व पायो । त्यसपछि नेपाल एकीकरण अभियानमा शक्तिशाली पाल्पा राज्य नेपालमा गाभियो । नेपालमा पाल्पा राज्य विलय भएपनि पाल्पा एक महत्वपूर्ण प्रशासनिक इकाईको रुपमा स्थापित भयो । राणाकालको दुई सय वर्षमा पाल्पाले पश्चिम नेपालको प्रशासनिक गौंडाको रुपमा प्रभावशाली वर्चश्व कायम राख्यो । यो बेला पनि रूरू क्षेत्रको महिमा ओझेलमा परेन् ।

श्री ३ जुद्ध शमसेर १३ वर्ष मुलुकको राजकाज चलाएपछि विस २००२ साल मंसिर १४ गते राजकाज त्यागेर रूरू क्षेत्रमै आएर बसे । यहाँ उनले बनाएको दरबारको भग्नाबशेष अर्गलीमा अझै देख्न सकिन्छ । 'श्री ३ जुद्ध आएपछि रिडीको महिमाको चर्चा निकै चुलिएको पाइन्छ-इतिहासकार श्रेष्ठले भने । गुल्मीको रिडी, पाल्पाको अर्गली र स्याङजाको भृगुतुङ्गेश्वर गुफा क्षेत्रलाई रूरूक्षेत्रको रुपमा मानिन्छ । पहिले राजा महाराजाहरुको निधनपछि अस्थि रिडीमा ल्याएर कालीगण्डकीमा विर्सजन गरिन्थ्यो । राजा त्रिभुवनको निधनपछि पनि उनको अस्थि रिडीमा ल्याएर विर्सजन गरिएको थियो ।

» बाँकी ३ पेजमा

# खाना महोत्सव तथा माघी मेला शुरु



बुटवल । बुटवलको सिद्धेश्वर मैदानमा सोमबारदेखि खाना महोत्सव तथा माघी मेला २०८१ शुरु भएको छ । 'नेपाली मौलिक संस्कृति र स्थानिय खानाका परिकारको हाम्रो शान, शहरदेखि गाउँसम्मको पर्यटन प्रवर्द्धन र विकास हाम्रो अभियान' भन्ने नारासहित शुरु महोत्सवको नेपाल होटल तथा रेष्टुरेन्ट महासंघका केन्द्रीय अध्यक्ष दिनेश कुमार चुकेले उद्घाटन गरे । बुटवल उपमहानगरपालिकाको संरक्षकत्व, लुम्बिनी प्रदेश पर्यटन विकास परिषद बुटवल प्रवर्द्धक र रुपन्देही होटल तथा रेष्टुरेन्ट व्यवसायी संघको आयोजनामा महोत्सव भएको हो । महोत्सव उद्घाटन गर्दै चुकेले होटेल रेष्टेरेन्ट क्षेत्रलाई उद्योगको मान्यता दिन माग गरे । कार्यक्रममा संघका अध्यक्ष लेखनाथ भण्डारीले लुम्बिनी प्रदेश विश्वमा नै पर्यटनको उत्कृष्ट गन्त्ब्य भएको दाबी गर्दै यहांका ब्यवसायीहरुलाई संस्थागत रुपमा एकतावद्ध गर्दै आफुहरु पर्यटन प्रवर्द्धनको योजनामा लागेको बताए ।

माघ २ गतेसम्म चल्ने महोत्सवमा स्थानीय थारू, मगर, नेवार र अन्य समुदायका परम्परागत खानाका परिकारको प्रदर्शनी र विक्री गरिने उनले बताए । यसैगरि थारू नाच, लोकदोहोरी र विभिन्न जातजातिका मौलिक र सांस्कृतिक नृत्यहरुका साथै पर्यटन प्रवर्द्धन हुने लुम्बिनी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरूको जानकारी दिने स्टलहरु रहेको संघका वरिष्ठ उपाध्यक्ष माधव खनालले बताए ।

कार्यक्रममा पर्यटन विकास परिषद बुटवलका कार्यकारी निर्देशक रामु जोशी, रुपन्देही उद्योग संघका अध्यक्ष दिलिप सापकोटा, नेपाल पत्रकार महासंघका अध्यक्ष दिनेश पाण्डे, नेकपा एमालेका जिल्ला अध्यक्ष यज्ञ गैरे, वडा नं ४ वडा वडाअध्यक्ष नरिश्वर पौडेल, संघका वरिष्ठ उपाध्यक्ष माधव खनाल, महासचिव अर्जुन थापाले खाना महोत्सवले बुटवलको पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव पार्ने बताए ।

यसैबिच महोत्सवको शुभारम्भअघि निकालिएको प्रचारात्मक जनचेतनामुलक ऱ्यालीमा नेवाः समाज अर्घाखांची रुपन्देही प्रथम भएको छ ।स्याङजा कारीकोट तराईबासी समुह र उचडिया स्वावलम्बन समुह सैनामैना रुपन्देही दोस्रो, कालिका टोल विकास संस्था बुटवल ७ तेस्रो भएका छन ।

यसैगरि बुद्ध टोल विकास संस्था बुटवल ७, सिद्धेश्वर नमुना आमा समुह बुटवल ७, आम्दा दिपज्योती आमा समुह बुटवल ७, सृजना संस्कृति आमा समुह बुटवल ८ र समावेशी आमा समुह बुटवल ७ दिपनगर सान्त्वना भएका छन् ।

२२ टोलीको सहभागिता रहेकामा प्रथम टिमले नगद १० हजार, दोस्रो टिमले नगद ५ हजार, तेस्रो टिमले नगद ३ हजार तथा सान्त्वना टिमहरुले नगद २ हजारका दरले पुरस्कृत गरिएको संघका उपाध्यक्ष रोमाकान्त पाण्डेले बताए ।


रूरूक्षेत्र गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :

लक्ष्मण पाण्डे — प्रमुख प्रशासकीय अधिकृत
मीना देवी गौतम — उपाध्यक्ष
यदु ज्ञवाली — अध्यक्ष

रूरूक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेटक्सार, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# खाना महोसत्वमा बुटवल ब्राण्ड खोई ?

माघी पर्व अर्थात माघे संक्रान्तिको अवसरमा बुटवलमा खाना महोत्सव शुरु भएको छ । विगतमा अंग्रेजी नयाँ वर्ष र नेपाली नयाँ वर्षहरुमा हुने महोत्सव यस वर्ष माघे संक्रान्तिका अवसरमा आयोजना भएको छ ।

खाना महोसत्व स्थानीय पहिचानलाई स्थापित गर्ने अवसर हो । स्थानीय उत्पादन, तिनका परिकार र स्वाद उपभोक्तालाई पस्कने अवसर हो । खानाको स्वादले कुनै जाति र ठाउँको पहिचान स्थापित गर्छ । आज थकाली खाना एउटा बेग्लै ब्राण्ड भएको छ । थकाली खानाको ब्राण्ड देशभर फैलिएको छ । चितवनको तासको ख्यातिले चितवनलाई चिनाएको छ । पाल्पाको चुकाउनी र छोयलाले पाल्पालाई चिनाएको छ । ढिक्री र घोंगीले थारू समुदायको विशेषतालाई झल्काउँछ । बुटवलमा चलेको खाना महोत्सवले बुटवलको पहिचानलाई स्थापित गर्न सक्नुपर्छ । बुटवलको विशेषता के हो ? अहिलेसम्म बुटवलको परिकार विशेष स्थापित गर्न यहाँका होटल व्यवसायी चुकेका छन् । कुनै परिकारलाई बुटवलको ब्राण्डको रूपमा स्थापित गर्न चुक्दा यहाँको आतिथ्य संस्कार स्थापित हुन सकेको छैन् । सय वर्ष अधिको जुलेबी पसल अहिलेसम्म चलिरहेको छ । यसैलाई बुटवलको मिठाईको रूपमा ब्राण्ड बनाउन सक्छौं । छपियाको चिसो पानीको माछाको बेग्लै स्वाद छ । छपियाको माछा बुटवल ब्राण्ड बनाउन किन सकिरहेका छैनौं ?

पर्यटन आगमन बढ्ने भनेको आथित्यता संस्कार राम्रो हुँदा मात्रै हो । राम्रो खाना र बास तथा घुम्ने ठाउँ बनाउन सक्दा पर्यटन आगमन बढाउन सकिन्छ । बुटवललाई पर्यटकीय ढंगले विकासको बहस चलिरहँदा बुटवल ब्राण्ड स्थापित गर्ने योजना पनि बनाऔं । कुनै बेलाको बुटवल व्यापारिक केन्द्र थियो । विभिन्न कालखण्डमा व्यापारको शैली बदलिएपनि व्यापारिक बर्चश्व कायमै रहयो । बुटवलको यो विरासत कायमै राख्न पर्यटक आगमन बढाउन र बुटवलमा पर्यटक रोकिने वातावरण बनाउनुपर्छ । लुम्बिनी आउने जानेहरुको बास बुटवल बनाउन सक्नुपर्छ । पोखरा र मुक्तिनाथ जानेहरुको विश्रामस्थल बुटवल बन्न सक्नुपर्छ । बर्दिया राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्ज घुम्नेहरुको विश्रामस्थल बुटवल बन्न सक्नुपर्छ । अंग्रेज फौजलाई नेपाली सेनाले पराजित गरेको जीतगढी किल्ला घुम्ने र यही विश्राम गर्ने वातावरण बनाउन कसरी सकिन्छ भन्ने बारेमा पर्यटन व्यवसायी बीच सुक्ष्म छलफल गर्न ढिलाई भइरहेको छ ।

खाना महोसत्वलाई केवल औपचारिक मात्रै नबनाऔं । कुनै परिकारलाई बुटवल ब्राण्डको रूपमा स्थापित गरौं । त्यसो गर्न सक्दा आन्तरिक र बाह्य पर्यटक बुटवलमा खाना खानकै लागि आउँछन् । शहर गुल्जार हुन्छ । यहाँको समग्र आर्थिक गतिविधि चलायमान हुन बल पुग्छ ।

# पश्चिमाञ्चल ट्याङ्कर इकाई कमिटीमा नयाँ नेतृत्व



बुटवल । नेपाल यातायात स्वतन्त्र मजदुर संगठन लुम्बिनी प्रदेश कमिटी अन्तर्गत रहेको स्वच्छ पश्चिमाञ्चल ट्याङ्कर इकाई कमिटीको तेस्रो अधिबेशन सम्पन्न भएको छ ।

भेलाबाट दामोदर खरेलको अध्यक्षतामा १५ सदस्यीय नेपाल यातायात स्वतन्त्र मजदुर संगठन लुम्बिनी प्रदेश कमिटी अन्तर्गत स्वच्छ पश्चिमाञ्चल ट्याङ्कर इकाई कमिटी निर्वाचित भएको छ ।

जसको उपाध्यक्षमा नारायण ढकाल, सचिवमा बिष्णु ज्ञवाली, सह-सचिव राजेश बुढामगर र कोषाध्यक्षमा इश्वरी घर्ती निर्वाचित भएका छन। सदस्यहरूमा गृजेश लोध,सुदिप गौड,रमेश घर्ती, ओम बहादुर लोध, सुरेश चलाउने, ऋषि भुषाल, जीवन पुन, जय प्रकाश यादव प्रकाश भुषाल , भोला लम्साल र सल्लाहकार प्रमुखमा राजेन्द्र चलाउने निर्वाचित भएका छन।

इकाई कमिटी अध्यक्ष नवराज पाण्डेयको अध्यक्षता, सचिव नारायण ढकालको संचालन संगठन केन्द्रीय कमिटी सल्लाहकार संयोजक ध्यान बहादुर राईको प्रमुख आतिथ्यता, संगठन प्रदेश कमिटी अध्यक्ष मोहन बहादुर क्षेत्री, पश्चिमाञ्चल ट्याङ्कर व्यवसायी संघका अध्यक्ष राकेश कुमार कौशधन, संगठन प्रदेश उपाध्यक्ष प्रकाश बस्याल, संगठन प्रदेश सचिव हुम बहादुर क्षेत्री, संगठन प्रदेश कमिटी कोषाध्यक्ष नेत्र आचार्य र प्रदेश सल्लाहकार गोबिन्द प्रसाद कंडेल लगायतले बोलेका थिए।

साथै उक्त भेलाबाट ६० बर्ष उमेर पुगेका तथा लामो समयसम्म संगठनमा आबद्ध रहनुहुने ९ जना चालकलाई प्रमाणपत्र, खादाका साथै जनही २१ हजारका दरले सम्मान गरिएको थियो।

# रूरू क्षेत्रको धार्मिक तथा ऐतिहासिक महत्व

**सिता ओझा**



आदिमकालदेखि नै मानवजातिको विकास विस्तारसँग नदी या अन्य जलाशय जोडिएको छ । जीव र जीवनसँग जोडिएको अनिवार्य श्रोत र सम्पत्तिको प्राकृतिक श्रोत नै पानी हो । पानी पिउन मात्र नभएर अन्य आवश्यकतासँग पनि जोडिएको छ ।

खानपिन, खानपिनको जोहो, सरसफाई, उत्पादन र बसोबासलाई व्यवस्थापन गर्न पानीले सहयोग गर्छ । मानवीय अस्तित्व र जीवनकलाको पहिलो आधार 'आरामको लागि ओत, खानका लागि शिकार र मानवीय आवश्यकता पूरा गर्न कसै न कसैको साथ चाहिन्छरचाहिन्थ्यो', यो भन्न धेरै तर्कहरू भेटिन्छन् । यस्ता तर्कहरूले जल र स्थलसँग मानवीय सम्बन्धलाई परिभाषित गरेको भेटिन्छ ।

बाँच्नु र खानुसँग जस्तै जैविक आवश्यकताभित्रका अन्य आवश्यकताहरू अरू जीवलाई जस्तै मानिसका लागि पनि अनिवार्य छन् । यही क्रममा मानिसले पनि एकपछि अर्को आवश्यकता पूरा गर्न थाल्यो । आवश्यकताको श्रृङ्खला बढ्दै जाँदा मानव समूह निर्माण भयो । यहि मानव समूहगण र कविला हुँदै राज्यमा परिणत भएको हो ।

गण र कविलामा बाँच्ने कुराले मानवीय सहकार्य, रूचि र आवश्यकताहरू पनि सामुदायिक बन्न थाले । यी रूचि र आवश्यकताको प्राप्तिको उत्साह र प्राप्तिपछिको खुसी मनोरञ्जनसँग जोडियो । आवश्यकतासँग जोडिएका तर, एकको प्राप्तिभन्दा उत्तम विकल्प र विकल्पको निरन्तरता मानिसको जीविका, प्राप्ति र खुसीभित्र जोडिएका मनोवैज्ञानिक पक्षहरू गण या कविलाका संस्कृति बने । आधुनिक दृष्टिकोणमा हरेक धर्म र सम्प्रदायको अध्ययनमा भेटिएका मेल खाने विषयहरूको साझा अपनत्वको संस्कार नै संस्कृति हो भन्दा पनि फरक पर्दैन् ।

विकास र आवश्यकताले हरेक मानवीय झुन्डहरूमा आ–आफ्नै विशेषताहरू जन्माए । तिनीहरूको अनुभूति र प्राकृतिक शक्तिबीचको तालमेलको रहस्यको परिकल्पना र प्राप्त गरेको वस्तुको रक्षाका लागि अदृश्य शक्तिको परिक्रमा गरियो । आगो, पानी र विपत्तिको समाधानका लागि निरञ्जन निराकारमा शक्तिशाली साथको परिकल्पना गरियो । त्यही परिकल्पनाको आधार धर्म र संस्कृतिलाई बनाइयो ।

'हिन्दु' सिन्धु सभ्यताको हाराहारीरसिन्धु सभ्यताबाटै विकास र विस्तार भएको धर्म र सम्प्रदाय हो । सिन्धु र हिन्दुका धर्म र संस्कृतिसँग हिन्दुका धेरै तीर्थस्थलहरू जोडिएका छन् । त्यसैभित्र गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको सङ्गम रूरू क्षेत्र रिडी पर्दछ । यो अहिले लुम्बिनी प्रदेशको राजधानी बुटवलदेखि लगभग ७० किलोमिटर उत्तरमा रहेको एक महत्वपूर्ण धार्मिक पर्यटकीय क्षेत्र थियो र बन्दै छ ।

रिडीक्षेत्र समुन्द्री सतहबाट न्यूनतम ५०० मिटरदेखि १,६३८ मिटरको उचाईमा रहेको छ । यो क्षेत्रलाई चारैतिरबाट पहाडले घेरेको छ । बीचको थोरै भू–भाग समथर जमीन नदीहरूको संगमस्थल छ । उपत्यका जस्तो तर खेतीयोग्य भूमि खास नभए पनि यो निकै महत्वपूर्ण धार्मिक पर्यटन प्रवर्द्धन गर्न सक्ने क्षेत्र रहेको छ । यो जलाशयको उपभोग बहुआयामिक देखिन्छ । यसको भू–प्राकृतिक बनावट उपत्यका जस्तो देखिन्छ ।

वि.सं. २०१८ सालको भीषण बाढीले यो क्षेत्रलाई प्रभावित निकै पार्‍यो । त्यो समय बाढीले रिडी बजार पूर्ण रूपमा ध्वस्त भएको थियो । बाढीले ऐतिहासिक तथा धार्मिक महत्वका सम्पदाहरू र धनजनको क्षति गर्‍यो । त्यसपछि संरचनाहरू भवन, मन्दिर, पाटी, पौवा तथा बगैंचाहरु बने । अहिले निर्माण भएका हरेक संरचना नयाँ हुन् ।

**नामाक्तन**

'रुरु क्षेत्र' पौराणिक नाम हो । यसलाई रिडी क्षेत्र पनि भन्ने गरिन्छ । यसको नामाङ्कन व्यक्तिहरू बीच मतभेद रहेको छ । धार्मिक किंवदन्तीअनुसार रूरू क्षेत्र 'रूरू' अर्थात मृगले देवदत्त ऋषिकी छोरीलाई स्तनपान गराई हुर्काएको' कारणले रहन गएको भन्ने छ । मृगको स्तनपान गरेको कारण ती ऋषि कन्यालाई 'रूरू कन्या' भनिएको थियो भन्ने पनि सुनिन्छ । तिनै कन्याले कठोर तपस्या गरी मुक्ति पाएकोले तिनैकन्याको नामबाट 'रुरुक्षेत्र' भनि चिनिन थाल्यो भन्ने मत पाइन्छ ।

रूरू क्षेत्र भन्ने शब्द अपभ्रंश भई 'रिडी' क्षेत्र बन्न गएको भन्ने मान्यता अलि आधिकारिक पाइन्छ । पौरत्स्य दर्शनको व्याख्याभित्र जोडिएको धार्मिक मान्यता अनुसार मानिस जन्मदै तीन वटा ऋणरु देव ऋण, पितृ ऋण र ऋषि ऋण लिएर आएको हुन्छ । त्यो ऋणबाट मुक्ति पाउन हिमालयदेखि बग्दै आएको कालीगण्डकीको संगम अर्थात दोभान रूरू क्षेत्रमा स्नान गरेपछि मात्रै पाप पखालिन्छ भन्ने मान्यता रहेकोले यो स्थानलाई ऋणी भनेर चिन्न थालियो भनेर भनिन्छ । ऋणी भन्ने शब्द अपभ्रंश भई 'रिडी' बन्न गएको भन्ने धारणा कोहीकोहीले गरेको पाइन्छ ।

यस्ता अनेकौं मान्यता र धार्मिक तर्कहरू भेटिन्छन् । त्यसमध्ये बसोबास गर्ने जातीय पहिचानसँग पनि 'रिडी' क्षेत्रको परिचय जोडेर नामाकरण गरिएको पाइन्छ । जस्तै मगर भाषामा 'री' भन्नाले कालो र 'डी' भन्नाले पानी भन्ने अर्थ लाग्छ । अर्थात कालो पानी बग्ने क्षेत्र कालीगण्डकी भएकोले यसलाई 'रिडी' भनिएको हो भन्ने तर्क पनि भेटिन्छ ।

**पौराणिकता**

धेरै समय पहिले रुरु क्षेत्रमा देवदत्त नाम गरेको एकजना ब्राह्मण बस्दथे । उनले कालीगण्डकीको किनारमा आश्रम बनाई तपस्या गर्न थाले । महात्माको तपस्या धेरै समयसम्म चलिरह्यो । अत्यन्तै कठोर तपस्यामा लागेको देखेर देवराज इन्द्र सशंकित भई तपस्या भङ्ग गर्न लागे । उनले देवदत्तको आश्रममा प्रमालोचना नामको अप्सरालाई तपस्या भङ्ग गर्न पठाए ।

देवदत्त उनको ध्यानबाट उपरत भई केही समय यताउती घुम्न थालेको समयमा ऋषिले टाढैबाट भकुन्डो खेलिराखेकी अत्यन्तै सुन्दरी प्रमालोचनालाई देखे । अप्सराको हाउभाउ कटाक्षले मुनि मोहित भए । उनको सुन्दरताप्रति वशीभूत भई विवाहको प्रस्ताव राखेपछि दुवै जना विवाह बन्धनमा बाँधिए र संसारिक सुखमा विलिन भए । केही समयको अन्तरालपछि प्रमालोचनाले एउटी कन्यालाई जन्म दिइन् । ततपश्चात उनले आफ्नो उद्देश्य पूरा भएको सम्झी ती कन्यालाई त्यही आश्रममा छाडेर स्वर्ग गइन् । देवदत्तले ती कन्याको छल बुझेपछि उनी छाँगाबाट खसेझैं भए । उनको हृदयमा तिव्र बैराग्यता जागेर आयो । उनी उत्तरतिरको भृगु आश्रमतिर लागे र भगवान शिवको कठोर तपस्या गर्न थाले । उनको तपस्यादेखि शिव प्रशन्न भई प्रत्यक्ष आशीर्वाद दिए । 'जसले गण्डकीको नदीमा स्नानगरी शिवलिङ्ग ''भृगुतुमको' को दर्शन गर्छ, उसले राम्रो योगफल तथा शिद्धी प्राप्त गर्नेछ' । यति भनी शिव अन्तरध्यान भए । देवदत्तले पनि शिवजीबाट आशीर्वाद पाई आफू मुक्त भएको अनुभव गरे ।

प्रमालोचनाबाट जन्मेकी कन्यालाई पछि मृगले स्तनपान गराएर हुर्काए । त्यसपछि उनले नारायणको कठोर तपस्या गर्न थालिन् । उनको कठोर तपस्या देखी नारायण प्रशन्न भए । र, वरदानको रूपमा रुरु क्षेत्र नाम रहन गयो ।

यो क्षेत्रमा स्नान गरेर तीन दिन चतुरबाहु ह्रिषीकेशको दर्शन गर्नेले मोक्ष पाउने धार्मिक कथा लेखियो । ऐतिहासिक एवं धार्मिक दृष्टिकोणले महत्वपूर्ण ऋषिकेश मन्दिर रहेको छ । त्यो मन्दिर मणिमुकुन्द सेनद्वारा प्रतिस्थपित मूर्ति हो । रीडी गुल्मी र पाल्पाको व्यापारीक क्षेत्र पनि हो ।

# संविधान संशोधनको औचित्य



**डा. चूडाप्रसाद ढकाल**

नेपालको संविधान, २०७२ ले देशलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गरायो । यसले समानता, समावेशिता र नागरिक अधिकारलाई केन्द्रमा राख्दै देशलाई नयाँ राजनीतिक युगतर्फ डोर्‍याउँदै छ । संविधानले गरेको सबै वाचा पूर्ण रूपमा व्यवहारमा लागु हुन नसक्दा, समयानुकूल संशोधनका लागि संविधान संशोधनको बहसले गति लिएको छ ।

संविधान निर्माणका क्रममा भएका सम्झौता र सहमतिको अपूर्ण कार्यान्वयनले मधेश, थारू, जनजाति, र महिला जस्ता समुदायमा असन्तुष्टि पैदा गरेको छ । त्यस्तै, प्रादेशिक सीमाङ्कन, सङ्घीयता कार्यान्वयन र राजनीतिक स्थिरतासम्बन्धी प्रश्नले संविधान संशोधनको आवश्यकतालाई थप सशक्त बनाएको छ । यसले संविधानलाई 'परिवर्तनशील समाजको आवश्यकता सम्बोधन गर्न सक्षम जीवित दस्ताबेज' बनाउने सम्भावना राख्छ । संविधान संशोधनबिना यी समस्याको समाधान गर्न कठिन छ । संविधान संशोधनका आवश्यकता, चुनौती र सम्भावनालाई बहसमा ल्याउँदै यसको सफल कार्यान्वयनका लागि विभिन्न सुझाव प्रस्तुत गर्ने जमर्को गरेको छु ।

**संविधान संशोधनको आवश्यकता**

संविधान, कुनै पनि देशको कानुनी ढाँचाको मेरुदण्ड हो । यो समयानुकूल परिमार्जन हुँदै थप प्रभावकारी बन्ने/बनाउने

प्रक्रिया निरन्तर चलिरहन्छ । नेपालको संविधान, २०७२ ले देशलाई समावेशी लोकतन्त्रको दिशातिर डोर्‍याएको भए पनि, यसको अपूर्ण कार्यान्वयन र केही अस्पष्टताले संशोधनको आवश्यकता खडा गरेको छ ।

सबैभन्दा ठुलो कारण भनेको समावेशिताको सुनिश्चितता हो । मधेश, थारू, जनजाति, दलित, र महिला जस्ता समुदायले आफ्नो पर्याप्त प्रतिनिधित्व नभएको महसुस गरिरहेका छन् । उदाहरणका लागि, मधेश र थारू समुदायले प्रादेशिक सीमाङ्कनले आफ्नो सांस्कृतिक पहिचानलाई कमजोर बनाएको गुनासो पनि गर्दै आएका छन् । त्यस्तै, महिलाको समान प्रतिनिधित्व र दलित समुदायका अधिकारलाई व्यवहारमा लागु गर्न संविधान अझै प्रभावकारी बन्न सकेको छैन । यसले संविधान संशोधनको आवश्यकतालाई बलियो बनाएको छ ।

सङ्घीयता सुदृढ बनाउने वा यससम्बन्धी उठेका गम्भीर विषय जवाफको उचित समाधान पहिल्याउनु अर्को महत्वपूर्ण कारण हो । सात प्रदेशको सीमाङ्कन गर्दा उत्पन्न भएका विवाद अझै समाधान हुन सकेका छैनन् । सङ्घीयता कार्यान्वयनका क्रममा सङ्घीय सरकार र प्रदेश सरकारबिच अधिकारको स्पष्ट सीमारेखा नहुँदा शासन प्रणालीमा अवरोध सिर्जना भएको छ । यी समस्याको समाधान गर्न संशोधन अपरिहार्य छ ।

राजनीतिक स्थिरता पनि संविधान संशोधनको प्रमुख आधार हो । पछिल्ला वर्षमा देखिएका सरकारको छोटो अवधि र अस्थिरताले दीर्घकालीन विकासलाई असर पुर्‍याएको छ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको अवधारणाले राजनीतिक स्थायित्व प्रदान गर्दै सरकारको जिम्मेवारी थप स्पष्ट पार्ने अपेक्षा गरिएको छ ।

यसका अतिरिक्त, मौलिक हक कार्यान्वयनलाई प्रभावकारी बनाउनु पनि संविधान संशोधनको उद्देश्य हुन सक्छ । शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता मुद्दालाई प्राथमिकतामा राख्दै समाजलाई न्यायपूर्ण र समावेशी बनाउने दिशामा संविधान परिमार्जन हुनुपर्ने तर्क विभिन्न राजनीतिक र सामाजिक वृत्तमा उठिरहेको छ ।

**संविधान संशोधनका चुनौती**

हाल नेपालको सन्दर्भमा संविधान संशोधन केवल कानुनी प्रक्रिया मात्र होइन; यो राजनीतिक सहमति, सामाजिक स्वीकृति र संस्थागत कार्यान्वयनसँग प्रत्यक्ष जोडिएको विषय हो । यसले संविधान संशोधनलाई अनिवार्य बनाउने आवश्यकतासँगै यस प्रक्रियामा देखिने विभिन्न चुनौतीको चित्रण गर्छ ।

सबैभन्दा ठुलो चुनौती भनेको राजनीतिक सहमतिको अभाव हो । संविधान संशोधनका लागि संसद्मा दुई-तिहाइ बहुमत आवश्यक पर्छ । वर्तमान राजनीतिक वातावरणमा दलहरूबिचको विभाजनले सहमति निर्माणलाई जटिल बनाएको छ । संयुक्त सरकारका मुख्य साझेदार नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) बिचमा सरकार सञ्चालनमा एकता भए पनि संविधान संशोधन प्रक्रियाप्रति अझै अन्योलपूर्ण स्थिति रहेको सत्तासीन दलकै कतिपय नेताको टिप्पणीबाट स्पष्ट हुन्छ ।

दोस्रो, कानुनी प्रक्रियाको जटिलताले पनि संविधान संशोधनलाई कठिन बनाएको छ । कतिपय संवैधानिक प्रावधान अस्पष्ट र आपसमा विरोधाभासपूर्ण छन् । प्रादेशिक सीमाङ्कन, सङ्घीयता कार्यान्वयन, र न्यायालयको भूमिका जस्ता विषयमा स्पष्ट व्याख्या नहुँदा कानुनी प्रक्रिया थप जटिल बनेको छ ।

तेस्रो, नागरिक विश्वास र जनसहभागिताको कमी अर्को गम्भीर चुनौती हो । संविधान संशोधन प्रक्रिया नागरिक तहमा पूर्ण रूपमा छलफलमा नल्याइँदा जनसहभागिता कमजोर देखिएको छ । धेरै नागरिकले संविधान संशोधनलाई केवल राजनीतिक नेतृत्वको निर्णय मात्र ठानेका छन्, जसले प्रक्रियाको वैधता र पारदर्शितामा प्रश्न उठाएको छ । जनताद्वारा निर्वाचित संविधान सभाले बनाएको संविधान संशोधनमा जनताको पनि प्रत्यक्ष सहभागिता अपेक्षित हुन्छ ।

क्षेत्रीय र जातीय असन्तोष पनि महत्वपूर्ण चुनौती हो । मधेश, थारू र जनजाति समुदायका माग संविधानमा परिपूर्ण रूपमा सम्बोधन नगरिँदा यी समुदायमा असन्तुष्टि बढिरहेको छ । जातीय असन्तोषको सम्बोधन गरेर मात्र संविधान संशोधनको प्रक्रिया अघि बढाउँदा उत्तम हुन्छ किनकि यी चुनौतीले संविधान संशोधनलाई जटिल बनाएका छन् । स्पष्ट दिशा, सशक्त राजनीतिक नेतृत्व र पारदर्शी प्रक्रियाले यी समस्यालाई अवसरमा रूपान्तरण गर्न सक्ने सम्भावना छ ।

**संविधान संशोधनको बाटो**

संविधान संशोधनको प्रक्रिया चुनौतीपूर्ण भए पनि यसले नेपाललाई लोकतन्त्र, समावेशिता र राजनीतिक स्थायित्वका नयाँ उचाइमा पुर्‍याउन महत्वपूर्ण अवसर प्रदान गर्छ । सशक्त नेतृत्व, पारदर्शी प्रक्रिया र जनताको प्रत्यक्ष सहभागिताका माध्यमबाट संविधान संशोधनलाई सफल बनाउने सम्भावना प्रबल छ ।

सबैभन्दा पहिले, संविधान संशोधनले सामाजिक न्याय र समावेशी लोकतन्त्रलाई सुदृढ गर्न सक्छ । मधेश, थारू, जनजाति, दलित, र महिलाजस्ता समुदायका प्रतिनिधित्व र अधिकार सुनिश्चित गर्न संशोधनले विशेष भूमिका खेल्न सक्छ । प्रादेशिक सीमाङ्कन, अधिकार बाँडफाँट लैङ्गिक समानताका विषयलाई प्राथमिकतामा राख्दै संविधान परिमार्जन गर्नु अपरिहार्य देखिन्छ ।

दोस्रो, राजनीतिक स्थायित्व र दीर्घकालीन सुशासनका लागि संविधान संशोधन महत्वपूर्ण अवसर हो । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको अवधारणाले सरकारको छोटो अवधि र राजनीतिक अस्थिरताको समस्या समाधान गर्दै दीर्घकालीन स्थिरता प्रदान गर्न सक्ने अपेक्षा गरिएको छ । यसले शासन प्रणालीलाई थप पारदर्शी, उत्तरदायी, र प्रभावकारी बनाउने छ । प्रत्यक्ष निर्वाचित कार्यकारी हुँदा निरङ्कुश हुने सम्भावनाप्रति पनि चनाखो हुनै पर्छ ।

तेस्रो, सङ्घीयता कार्यान्वयनका क्रममा उत्पन्न विवाद समाधान गर्दै संविधान संशोधनले सङ्घीय संरचनालाई थप सुदृढ बनाउन सक्छ । प्रादेशिक सीमाङ्कनका समस्या समाधान गर्दै क्षेत्रीय असन्तुष्टि घटाउने दिशामा कदम चाल्न सकिन्छ ।

चौथो, संविधान संशोधनले शिक्षा, स्वास्थ्य र रोजगारी जस्ता मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुनी ढाँचा तयार गर्न सक्ने छ । यो मात्र कानुनी सुधारको माध्यम नभई आर्थिक प्रगतिका नयाँ सम्भावना खोल्ने आधार पनि बन्न सक्छ । संविधान संशोधनलाई सफल बनाउन राजनीतिक सहमति निर्माण, जनसहभागिता सुनिश्चितता र प्रक्रियाको पारदर्शिता अपरिहार्य छ । नेपालको वर्तमान परिस्थिति चुनौतीपूर्ण भए पनि संविधान संशोधनलाई सबै पक्षका माग र आवश्यकतालाई सम्बोधन गर्ने माध्यमका रूपमा लिन सकिन्छ ।

**निष्कर्ष**

नेपालको संविधान, २०७२ ले देशलाई लोकतन्त्र, समावेशिता र सङ्घीयताको मार्गमा डोर्‍याएको छ । वर्तमान राजनीतिक, सामाजिक र आर्थिक यथार्थलाई सम्बोधन गर्न संविधान संशोधन अपरिहार्य देखिन्छ ।

यो प्रक्रिया केवल कानुनी सुधार नभई नेपालको भविष्यको राजनीतिक, सामाजिक र आर्थिक आधारभूत संरचनालाई थप सुदृढ बनाउने माध्यम हो । संविधान संशोधनले विविधता र समावेशिताको मूल्यलाई व्यवहारमा उतार्दै सामाजिक न्याय, सङ्घीयता, र राजनीतिक स्थायित्वलाई नयाँ उचाइमा पुर्‍याउन सक्छ ।

यसका लागि राजनीतिक नेतृत्वले साहसिक निर्णय गर्नु पर्छ, जनताको विश्वास जित्नु पर्छ र दीर्घकालीन दृष्टिकोणसहित कदम चाल्नु पर्छ । संशोधनको प्रक्रिया चुनौतीपूर्ण भए पनि यो नेपालको लोकतन्त्रलाई बलियो बनाउने, समाजलाई समावेशी बनाउने र देशलाई समृद्धिको मार्गमा अग्रसर गराउने एक ऐतिहासिक अवसर हो । गोपबाट

# स्थायी बन्ध्याकरण शिबिरमा तीन सय ८४ जना सेवा लिए




**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीमा परिवार नियोजनको स्थायी बन्ध्यकारण शिबिरमा तीन सय ८४ जना बन्ध्याकारण सेवा लिएका छन। स्वास्थ्य कार्यालय परासी र सुनौलो परिवार मेरी स्टोप्सको प्रबिधिक सहयोगमा संचालित शिबिर सन्तानको रहर पुगेका तीन सय ८४ जना बन्ध्याकारण सेवा लिएका हुन।

स्वास्थ्य कार्यालय परासीले मंसिर १६ गतेदेखी पुस १५ गतेसम्म एक महिने अभियानमा जिल्लाको सात वटै पालिकामा परिवार नियोजनको स्थायी बन्ध्याकारण शिविरमा उक्त सेवा लिएको स्वास्थ्य कार्यालय परासीका परिवार नियोजन निरीक्षक निरज रानाले जानकारी दिए। उनको अनुसार सबैभन्दा धैरै सुस्ता र सरावल गाउँपालिकामा परिवार नियोजनको स्थायी बन्ध्यकारण गराएको बताए। जसमा सुस्ता ७४ जना सरावलमा ७४ जना र त्यस्तै प्रतापपुरमा ६८,जना रामग्राम नगरपालिकामा ६५ जना पाल्हीन्नदन ४६ जना ,बर्दघाट नगरपालिकामा ३३ जना र सुनवल नगरपालिकामा २४ जना शिबिरमा बन्ध्यकारण सेवा लिएका छन्।

सुनवल नगरपालिकामा २ जना पुरुष ,रामग्राम १ र बर्दघाट नगरपालिकामा १ जना पुरुष स्थायी बन्ध्याकरण सेवा लिएको परिवार नियोजन निरीक्षक रानाले बताए। उनको अनुसार जिल्लामा गतबर्षको तुलनामा यसबर्ष स्थायी बन्ध्याकरण गराउने सख्यमा कमी आएको बताए।

गतबर्ष आर्थिक बर्ष २०८०।०८१मा जिल्लामा चार सय २ जना जसमा पुरुष ६जना स्थायी बन्ध्याकरण सेवा लिएकोमा यसबर्षमा २०८१।०८२मा तीन सय ८४ जना सेवा लिएको स्वास्थ्य कार्यालय परासीले जानएको छ।

# सुनचाँदी व्यवसायीमाथि राज्यले अत्याचार गरेको छः रसाइली

बुटवल। नेपाल सुनचाँदी व्यवसायी संघका केन्द्रीय अध्यक्ष अर्जुन रसाइलीले राज्यले सुनचादी व्यवसायीलाई अत्याचार गरेको बताए। बुटवल सुनचादी व्यवसायी संघको चौथौ र पाँचौ साधारणसभा तथा दोस्रो अधिवेशनको सोमबार उद्घाटन गर्दै राइलीले त्यसको अन्त्यको लागि व्यवसायिक एकता बलियो हुन जरुरी रहेको बताए। अब सुनचाँदी व्यवसायीलाई पुरानो ढंगबाट नभई नयाँ तरिकाबाट अघि बढन जरुरी रहेको उनको भनाइ छ।

सुन वितरणमा रहदै आएको विभेद अन्त्य गर्दै व्यवसायी सदस्यहरुले सुन पाउने अवस्था सृजना गर्ने प्रतिबद्धता जनाए। व्यवसायमा रहेको समस्या समाधान गर्न वर्तमान नेतृत्व इमानदार रहेर लागेको बताउदै सुन वितरण समान हुने उनको भनाइ छ। त्यसको लागि राज्यसँग सुन माग गरिएको छ। सुन वितरणका लागि नयाँ कार्यविधि बन्दै गरेको जानकारी गराउदै त्यसमा महासंघ १४ बुँदे माग प्रस्ताव सरकारलाई दिएको बताए।

नेपाली बजारका लागि दैनिक ४० किलो सुन खपत हुँदै आएको बताउदै बैक मार्फत सुन वितरण दिने गरेको जानकारी दिए। राज्यले लिएका नीति व्यवसायीले पालना गर्नुपर्ने बताउदै त्यसको लागि राज्यले नीति पनि व्यवसायीमैत्री हुनुपर्ने बताए।

कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेश सभापति चन्द्र किशोर गौतम, लुम्बिनी प्रदेश सभापति धुर्व कुमार गहतराज, केन्द्रीय सदस्यहरु चेत नारायण विश्वकर्मा, दिपक कुमार स्वर्णकार, राजेन्द्र सुनार, बुटवल उपमहानगरपालिका कार्यपालिका सदस्य यम बहादु सुनार, निवर्तमान केन्द्रीय सदस्य तथा दैनिक लुम्बिनी पत्रिकाका सल्लाहकार एमबि विश्वकर्मा लगायतले बोलेका थिए।

बुटवल सुनचाँदी व्यवसायी संघका अध्यक्ष गकुल विश्वकर्माको अध्यक्षता, सचिव चुरामणी बिकको सञ्चालन तथा सहसचिव कृष्ण सुनारको स्वागतमा कार्यक्रम सम्पन्न भएको थियो। अधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ।


## Tansen Municipality
## Office of Municipal Executive
**Tansen,Palpa**

# Invitation for Online Bids

Second Date of publication: 2081/10/01(Jan 14, 2025)

Tansen Municipality Office, Tansen,Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***Information to deposit the cost of bidding document in Bank:***
Name of the Bank: RastriyaBanijya Bank Ltd., Palpa
Name of the Office: Tansen Municipality Office, Tansen, Palpa
Rajaswa Account No.: 3030100301010004
Bid Validity Period: 90 days
Bank details for Bid security ( If Cash deposit) :RanstriyaBanijya Bank, Palpa, A/C no. 3030100303000004.

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| TM/PLP /W/NCB /12/ 2081-082 | Road Maintenance Works at holangdi-Buspark-Narayansthan –gairagaau to mission hospital, mission Dharmashala to kailashnagar,laharepipal –gaurishankhar –taksarchowk –shiitalpati-jvt School-Basantapur, Gorkhekot –Chilangdi,gairagaau -dhrubaghat, nayapati-saradama. vi, Bastari to thati, Batasedanda –Dhungakhani,gorkhekot – ranimahalchowk.ward no 1,2,3,4,5,6,7 and 8 | 10263891.51 | 3000.00 | 260000 | 2081/10/16 12.00 Pm (Jan 29 2025) |

Chief Administrative Officer


## वैभव...

राजदरबारमा बिरामी रानीलाई फिजियोथेरापी गराउन आएकी थिइन् एरिका ल्युकट्र्याग। राजा त्रिभुवन र दरबारका बारेमा तिनै एरिकाले एरिका एण्ड किङ किताब लेखिकी छन्। त्यस किताबमा उनले उल्लेख गरेकी छन्-'राजा त्रिभुवनको निधनपछि राजाको निधारबाट एक टुक्रा हड्डी निकालियो, जसलाई सुनको बट्टाभित्र राखियो। यसलाई लिएर एकजना ब्राहमण रिडीको बाटो लागे। जुन आठ दिनको बाटो थियो। जहाँ उनले पवित्र गण्डकी नदीको बीचमा त्यो बट्टालाई गाडिदिए। उपयुक्त समयमा त्यो हड्डी अमानश्रृंगारश्मको रुपमा परिर्वतन हुन्थ्यो। जसको घुमाउरो चिन्ह विष्णुको चक्रसंग मेल खान्थ्यो।'

पाल्पाली राजाहरुका स्याहामोहरको शिरमा श्री भवानी ऋषिकेशौं जयतः लेखी त्यसको तल अरु व्यहोरा लेखेको पाइन्छ।

**व्यापारमा वचर्श्व**

सडक सञ्जालको विस्तारसगैं अहिले बुटवल दुई राजमार्गको मिलनविन्दु भएको छ। सुनौली-पोखरा जोड्ने सिद्धार्थ राजमार्ग र पूर्व-पश्चिम महेन्द्र राजमार्गको मिलनविन्दु भएकाले बुटवल मुलुकको प्रमुख व्यापारिक केन्द्र मध्येको एक शहरको रुपमा स्थापित छ। त्यसो त तराई र पहाडको संगमस्थल बुटवल पहिले बटौलीको रूपमा व्यापार व्यवसायमा चम्केको थियो। सडक सञ्जालले बटौली बुटवलमा फेरिदा पनि व्यापारमा बर्चश्व कायमै राख्यो।कुनै बेला व्यापारले चम्केको रिडीले बुटवलले झैं वर्चश्व राख्न सकेन्। कुनै बेला रिडी उत्तर-दक्षिण र पूर्व-पश्चिम जाने बाटोको मिलनविन्दु थियो। कर्णाली र सुदुरपश्चिमका बासिन्दा काठमाडौं वा पूर्वतिर जानुपर्दा तराईको घना जंगल हुँदै जानुको साटो रिडी हुँदै कालीगण्डकी पार गरेर जान्थे। दुई मुख्य मार्गको मिलनविन्दुले रिडीको व्यापार व्यवसाय फस्टाएको थियो। यहाँ व्यापार गर्न काठमाडौंबाट नेवारहरु लस्कर लागेर आएका थिए।

विस १८५९ मा नेपालको अध्ययन गर्न अंग्रेज दूत क्याप्टेन नक्स आए। उनको साथमा थिए-डा. एफ.वि. हेमिल्टन। हेमिल्टनले एन एकाउण्ट अफ हिस्टी अफ नेपाल किताब लेखेका छन्। त्यहा उनले रिडीलाई पूर्व-पश्चिम र उत्तर-दक्षिण जोड्ने बाटोको रुपमा रिडीलाई उल्लेख गरेका छन्। उनले एउटा पश्चिमबाट पूर्व जाने बाटो रिडी-तानसेन-रामपुर हुँदै देवघाट निस्कने महत्वपूर्ण बाटो र अर्को गोरखपुर-बुटवल-रिडी-बाग्लुङ हुँदै तिब्बत जाने बाटोका बारेमा लेखेका छन्। यी दुई बाटोले धार्मिक र सांस्कृतिक केन्द्र रिडीलाई व्यापारिक केन्दको रुपमा स्थापित गरेको थियो।

पहिलेको त्यो मार्ग नयाँ सडक सञ्जालले फेरिएपछि रिडी ओझेलमा पर्‍यो। गैंडाकोट-रिडी-बाग्लुङ-कोरला कालीगण्डी करिडोरको निर्माण द्रुत भएकाले अब रिडीका लागि नयाँ संभावनाको ढोका खोलिएको छ। यो सडकको निर्माणले रिडी हुँदै मुक्तिनाथ जाने वा मुक्तिनाथ हुँदै रिडी आउने भक्तजन बढ्ने अपेक्षा गरिएको छ। 'पहिले मान्छेहरु रिडी हुँदै मुक्तिनाथ वा तिब्बत हिडेंर जान्थे, अब सडक सञ्जालले मोटरमा जान सक्ने भए-गौतमले भने। अर्कोतर्फ, रिडी-सुर्खेत सडक निर्माणको पहल पनि भएको छ।

## भारतीय...

मालवाहक सवारी साधनको भारवहन सम्बन्धी निर्देशिका २०७४ (संशोधन सहित) अनुसार नेपालका सडकमा ट्रकको तौलसहित अधिकतम ४०.२ टन मात्र भार हुनुपर्छ।

तर भारतीय ट्रकले क्षमताभन्दा दोब्बर सम्म बढी भार बोकेर गुड्ने गरेपनि राज्य पक्षले प्रभावकारी नियन्त्रण गर्न नसक्दा नेपालका पुल र सडकमा ठूलो क्षति पुगरिहेको बताए।

'१५ सय देखि ३ हजार रुपैयाँको जरिवाना रसिद काटेर भारतीय ट्रकलाई क्षमता भन्दा झण्डै दोब्बर ओभरलोड बोक्न छुट दिंदा यसअघि रुपन्देहीको घोडाहाको पुल र पश्चिम नवलपरासीको लोकाहा पुल पनि भांचिएको थियो, अहिले दुम्कीबासको पुल भाँचिएको छ'-पोखरेलले भने-'सरकारले ओभरलोड भारतीय ट्रकलाई रोक्न नसक्दा नेपालका पुल र सडकमा अप्रत्यक्षरुपमा अर्बौंको क्षति भएको छ,यसतर्फ राज्य निरीह र लाचार छ।'

लुम्बिनी ट्रक व्यवासी संघ भैरहवाका अध्यक्ष विष्णु खरेलले भारतीय गाडीको ओभरलोडको कारणले केही साता अगाडि मात्रै बेलहिया देखि भैरहवाको बुद्धचोक सम्मको सडक धसिएर पुनर्निर्माण गर्नुपरेको बताए। नेपालका मुख्यराज मार्ग र बाईपास सडकहरु भारतिय ओभरलोड सवारी साधानको मारमा पर्दै आएका उनले बताए।

नेपालमा १४ पाङ्ग्रा (चार एक्सल) भन्दा बढी भार वहन क्षमताका सवारी साधनको तौल नाप्ने पुर्वाधार नै बनेका छैनन्। जसले गर्दा भारतीय ट्रकले नगन्य जरिवाना तिरेकै भरमा अत्यधिक भार बोकेर गुड्दा नेपालका पुल र सडकमा क्षति पुग्ने गरेको छ।

नेपालमा सरकारी तहबाट चितवनको नारायणगढमा मात्रै तौल पुल बनाइएको छ। तर, यसको नियमित सञ्चालन र प्रयोग नभएको व्यवसायीहरु बताउँछन्। सडक डिभिजन कार्यालय नवलपुरका प्रमुख नारायण लामिछानेले दुम्कीबासको पुल भाँचिनुमा ओभरलोडसँगै पूलको आयू समेत सकिनु अर्को कारण भएको बताउँछन्। बुटवल-नारायणगढ खण्डका स्टिल ट्रस ब्रिजहरु २०३२ देखि २०३५ सालको बीचमा ब्रिटिस सरकारको सहयोगमा बनेका हुन्। जसको ५० वर्ष आयू पुगेकाले पनि कमजोर भएका र त्यसमाथि ओभरलोडका कारण पुल भांचिएको लामिछानेले बताए।


## सिद्धार्थ केवलकार लिमिटेड
बुटवल-१, रुपन्देही

## संस्थापक शेयरमा हकदावी सम्बन्धी ३५ दिने सूचना

सूचना प्रकाशित मिति २०८१/१०/०१ गते

पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. १३ (साविकः बौघागुम्हा गा.वि.स. वडा नं. -१) बस्ने ना. प्र. नं .३९-०१-७३-०२२०३ भएका श्री कृष्ण बहादुर खत्रीको नाती लाल बहादुर खत्री क्षेत्रीको छोरा यस सिद्धार्थ केवलकार लि.का शेयरधनी देवेन्द्र बहादुर के.सी.को मिति २०८१।०७।०१ गतेको दिन मृत्यु भएको भनी मृत्यु दर्ताको प्रमाण पत्र सहित गुल्मी जिल्ला ,धुर्कोट गा.पा. वडा नं. २ बस्ने ना.प्र.नं. ११६४६ रहनु भएकी श्री विष्णु बहादुर जि.सी.की छोरी मृतककी कान्छी श्रीमती मिना के.सी. ले यस कम्पनीमा मृतकको नाममा भएको शेयरहरुमा निवेदिका सहित मृतक शेयरधनीको जेठी श्रीमती स्वर्गीय कालिका देवी के.सी. तर्फका २ (दुई) वटा छोरा दिनेश के. सी. र लक्ष्मण के. सी.को मात्र हक भएकोले नियमानुसार हक कायम गरी पाउँ भनि निवेदन दिनु भएको हुँदा उक्त शेयरमा निवेदिकाले सम्बोधन गरेका बाहेक अन्य कोही कसैको हकदावी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र प्रमाण सहित यस सिद्धार्थ केवलकार लिमिटेडको कार्यालयमा हकदावीको निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र कसैको हकदावी पर्न नआएमा यस कम्पनीका शेयरधनी देवेन्द्र बहादुर के.सी. को नाममा रहेको सम्पूर्ण शेयर नियमानुसार हकदावी गर्ने निवेदिका सहितका ब्यक्तिहरुको नाममा नियमानुसार कायम भई जाने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।



## माउण्ट एभरेष्ट डिष्टिलरी (प्रा.) लि.
तिलोत्तमा-१४, टिकुलीगढ, रुपन्देही

## मूल्य सूची सम्बन्धी सूचना

यस डिष्टिलरीबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु २०८१ साल माघ ०१ गतेदेखि नेपालभर लागू हुने गरी नयाँ मूल्य सूची प्रकाशित गरिएकोले सम्वन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

| Brand Name | UP | ML | RD | R D Comm. | Dealer | Dealer Comm. | W.S. | W.S. Comm. | Retail | Retail Comm. | Consumer | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | Case | Unit |
| Mount Class | 50 | 180 | 6465 | 135 | 6600 | 295 | 6895 | 250 | 7145 | 1255 | 8400 | 175 |
| Gold Box / Blue Spot | 50 | 180 | 6465 | 135 | 6600 | 295 | 6895 | 250 | 7145 | 1255 | 8400 | 175 |
| Boxer/White diamond | 50 | 180 | 6465 | 135 | 6600 | 295 | 6895 | 250 | 7145 | 1255 | 8400 | 175 |
| Fida | 50 | 180 | 6465 | 135 | 6600 | 295 | 6895 | 250 | 7145 | 1255 | 8400 | 175 |
| Sweet Diamond | 50 | 180 | 6270 | 30 | 6300 | 280 | 6580 | 250 | 6830 | 1090 | 7920 | 165 |
| DX / Tali | 50 | 180 | 6270 | 30 | 6300 | 280 | 6580 | 180 | 6760 | 920 | 7680 | 160 |
| Rudra / Mala | 70 | 300 | 1355 | 25 | 1380 | 60 | 1440 | 70 | 1510 | 290 | 1800 | 60 |
| T 20 Plus/ 20-20 Plus | 70 | 300 | 1265 | 25 | 1290 | 54 | 1344 | 60 | 1404 | 276 | 1680 | 56 |
| Umaga / Hazari Gold | 70 | 300 | 1245 | 15 | 1260 | 50 | 1310 | 50 | 1360 | 260 | 1620 | 54 |
| Hazari | 70 | 300 | 1245 | 15 | 1260 | 50 | 1310 | 50 | 1360 | 260 | 1620 | 54 |
| Li Li Black Premium | 70 | 300 | 1160 | 10 | 1170 | 40 | 1210 | 40 | 1250 | 250 | 1500 | 50 |
| 20-20 Flavours (Apple/Orange /Litchi/Lemon/XXX) | 70 | 300 | 1140 | 10 | 1150 | 35 | 1185 | 20 | 1205 | 235 | 1440 | 48 |
| Julie / Mr. Red | 70 | 300 | 1100 | 10 | 1110 | 11 | 1125 | 20 | 1145 | 205 | 1350 | 45 |

१. उपर्युक्त मूल्यमा अन्तःशुल्क तथा मु. अ. कर समावेश गरीएको छ।
२. उपर्युक्त मूल्यमा ढुवानी भाडा समेत समावेश गरिएको छ। साथै सो विक्री मूल्यहरुमा व्यवशायिक आवश्यकता अनुसार विभिन्न व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ।



## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# बुटवलमा सर्वाधिक राशीको स्नुकर प्रतियोगिता हुंदै




बुटवल । बुटवलमाआगामी फागुन दोस्रो हप्तादेखि सर्वाधिक पुरस्कार राशीको स्नुकर प्रतियोगिता हुने भएको छ । नेपाल बिलियार्डस् स्नुकर एण्ड पुल एशोसियसन रुपन्देही र खस्यौली स्नुकर क्लबको आयोजनामा फागुन १२ गतेदेखि प्रथम अल नेपाल बुटवल मेयर कप ओपन स्नुकर च्याम्पियनसीप हुने भएको हो ।

बुटवलको सिंह कम्प्लेक्सस्थित खस्यौली स्नुकर क्लबमा हुने प्रतियोगितामा देशभरबाट अधिकतम १२८ जनाखेलाडीले भाग लिने नेपाल बिलियार्डस् स्नुकर एण्ड पुल एशोसियसन रुपन्देहीका अध्यक्ष सुजन पुनले बताए । प्रतियोगितामा भाग लिन फागुन ७ गतेसम्म नाम दर्ता गराइसक्नुपर्ने उनले बताए । प्रतियोगिताको विजेता खेलाडीले ३ लाख ३ हजार, उपविजेताले १ लाख १ हजार रुपैया र हाइएस्ट ब्रेकरले ५५ हजार रुपैया नगद पुरस्कार प्राप्त गर्ने अध्यक्ष पुनले बताए ।सेमिफाईनलमा पुग्ने खेलाडीहरुलाई नगद १० हजार रुपैया, राईजिङ स्टार र अनुशासित खेलाडीलाई स्नुकर स्टिकबाट पुरस्कृत गरिने उनले बताए ।

'यसअघि काठमाडौंमा प्रथम पुरस्कार २ लाख ५५ हजार रुपैया राशीको प्रतियोगिता भएको थियो,त्यो रेकर्डलाई बुटवलको प्रतियोगिताले तोड्ने छ'-अध्यक्ष पुनले भने-'स्नुकरमा हालसम्मकै सर्वाधिक पुरस्कार राशीकोयो प्रतियोगिताले बुटवलको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने छ ।'

प्रतियोगितालाई बुटवल उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष तथा सिंह कम्प्लेक्सका सञ्चालक महेशमान सिंह र आवास ग्रुपका प्रबन्ध निर्देशक महेश थैवबाट एक-एक लाख रुपैयांतथा समृद्धि हेयर सैलुनले समेत आर्थिक सहयोग भएको अध्यक्ष पुनले बताए । रुपन्देही स्नुकर खेलको उर्वरभुमी भएको र भर्खरमात्र बुटवलका रेगन श्रेष्ठले श्रीलंकामा सम्पन्न सागस्तरीय प्रतियोगितामा नेपाललाई पहिलो पदक दिलाउन सफल भएको उनले बताए । उनलाई सम्मान गर्ने लक्ष्य रहेको उनले बताए । खेल संयोजक विजय गुरुङले बुटवल बाहिरबाट आउने खेलाडीहरुलाई आवासको ब्यवस्था आयोजकबाट गरिने तथा क्वाटरफाइनल खेलबाट खेलाडीहरुलाई आवास र खानाको समेत ब्यवस्था गरिने जानकारी दिए । प्रतियोगिता अधिकतम १० दिनसम्म सञ्चालन हुने संघका सचिव प्रकाश क्षेत्रीले बताए ।

बुटवल नगरपालिकाका प्रवक्ता शिव राना,नेपाल पत्रकार महासंघ रुपन्देहीका उपाध्यक्ष विश्वास ढकाल, संघका वरिष्ठ सल्लाहकार संजयरत्न बज्राचार्य लगायतले सर्वाधिक राशीको प्रतियोगिता बुटवलमा आयोजना हुनु बुटवलको मात्र नभई प्रदेशकै गौरवको विषय भएको बताए ।

# न्यु होराइजनमा छात्रा भलिबल र बास्केटवल हुँदै



बुटवल । बुटवलमा तेस्रो रुपन्देही जिल्लास्तरीय छात्रा भलिबल प्रतियोगिताको तयारी पूरा भएको छ । न्यू होराइजन मावि बुटवल अन्तर्गतको न्यु होराईजन स्पोर्टस क्लबको आयोजनामा मंगलबारदेखि सञ्चालन हुने प्रतियोगितामा रुपन्देहीका सामुदायिक र संस्थागत विद्यालयबाट १२ टिमले प्रतिस्पर्धा गर्नेछन् ।

विद्यालयको ३५ औं वार्षिकोत्सवको अवसरमा छात्रा भलिबल संगै छात्र-छात्रा बास्केटबल र टेबलटेनिस प्रतियोगिता पनि गरिने प्राचार्य एवं क्लबका संरक्षक लोकनाथ उपाध्यायले बताए । उनले विद्यालयको आफ्नै लगानीमा १७ जना खेल प्रशिक्षक नियुक्त गरेर विभिन्न विधाका खेलको विकासमा विद्यालयल् लगानी गरेको बताए । माघ ३ गतेसम्म संचालन हुने भलिबल प्रतियोगिता लिग कम नकआउट र बेष्ट अफ फाईभको आधारमा खेलाइने विद्यालयका खेल संयोजक मिलन रानाले जानकारी दिए ।

उपाधि विजेताले नगद नगद ४० हजार, उपविजेताले नगद २५ हजार रुपैया, तेस्रो टिमले नगद १५ हजार रुपैया तथा चौथो टिमले नगद १० हजार रुपैया नगद तथा कप, मेडल, प्रमाणपत्र पाउने उनले बताए । क्लबले १७ वटा विधाका खेल प्रशिक्षकमार्फत विद्यार्थीलाई प्रशिक्षण दिँदै आएको रानाले बताए । छात्रा भलिबलको पहिलो संस्करण एभरेष्ट बोर्डिङ बुटवल र दोस्रो संस्करणको उपाधि न्यु होराइजन मावि बुटवलले जितेका थिए ।

बास्केटबलमा छात्रतर्फ ६ र छात्रातर्फ ४ टिमले प्रतिस्पर्धा गर्नेछन् । बास्केटबलमा छात्रछात्रातर्फ विजेता टिमलाई नगद १० हजार र उपविजेतालाई नगद ५ हजार रुपैया नगद सहित पुरस्कृत गरिने उनले बताए । २०६८ सालमा स्थापना भएको क्लबले खेलकुदका विभिन्न विधामा जिल्लास्तरीय देखि राष्ट्रिस्तरका प्रतियोगिता गर्दै उपाधि समेत जितेको क्लबका संस्थापक अध्यक्ष प्रकाश खनालले बताए ।

कार्यक्रममा प्रा.डा रामकृष्ण महर्जनले शारिरिक शिक्षा तथा खेलकुद नेपाल (सोफेस) मार्फत टेबलटेनिस खेल प्रवर्द्धनका लागि बुटवलमा पनि टेबलटेनिस राष्ट्रियस्तरको टेबलटेनिस प्रतियोगिता गर्न लागेको बताए ।

कार्यक्रममा न्यू होराइजन माविका कोषाध्यक्ष रामेश्वर श्रेष्ठ, न्यु होराइजनका उपप्राचार्यहरु बालकृष्ण भण्डारी, बासुदेव अर्याल, राजिव श्रेष्ठ , क्लबका उपाध्यक्ष तथा विद्यालयका अतिरिक्त क्रियाकलाप प्रमुख बालकृष्ण बस्याल लगाएतले बोल्दै न्यु होराइजन विद्यालयको संरक्षकत्वमा क्लबले खेलकूदका विभिन्न विधामा खेलाडी उत्पादन सहित स्थानिय देखी राष्ट्रियस्तरका प्रतियोगिताहरु आयोजनाहरु गर्दै आएको बताए ।




# उपाधि लिलाराममलाई

भैरहवा । सिद्धार्थनगर नगरपालिकाको आयोजनामा भैरहवामा सम्पन्न अन्तरविद्यालय नगरपालिका स्तरीय चौथो राष्ट्रपति रनिर सिल्ड प्रतियोगिता उपाधी रुपन्देही लिलाराम माध्यमिक विद्यालयले हात पारेको छ । बिजयी सगैं लिलारामले प्रतियोगिताको रनिनं सिल प्राप्त गर्न सफल भएको छ । त्यस्तै मुनलाइट आवसिय माध्यमिक विद्यालय द्धितिय र काशी नोबल एकेडेमी तृतीय भएका छन् ।

११ स्वर्ण, १२ रजत, १० काश्य पदक प्राप्त गरी लिलाराम माध्यमिक विद्यालय प्रथम भएको हो । त्यस्तै १० स्वर्ण, ७ रजत र ५ काश्य पदक प्राप्त गर्दै मुनलाइट द्धितीय भएको हो । भने ४ स्वर्ण, ३ रजत र ६ काश्य पदक सहित काशी नोबल एकेडेमी तृतीय भएको हो । प्रतियोगिता अन्तर्गत तेक्वान्दो, एथलेटिक्स, कबड्डी र भलिबल खेल भएका थिए । भलिबलतर्फ १९ विद्यालयका छात्रहरुको १६ र छात्राहरुको १६ टीमको सहभागिता रहेको थियो ।

त्यस्तै, कबड्डीतर्फ १३ विद्यालयका छात्रहरुको ११ टीम र छात्राहरुको १० टीमको सहभागिता रहेको थियो । तेक्वान्दोतर्फ १५ विद्यालयका छात्रतर्फ १० र छात्रातर्फ १२ टीमको सहभागिता रहेको थियो । एथलेटिक्सतर्फ २० विद्यालयका छात्रहरु ३ सय ८० र छात्राहरु ३ सय ८० जनाको सहभागिता रहेको थियो । प्रतियोगिता अवधिभर ४२ वटा इभेन्टमा खेल भएका थिए । प्रतियोगितामा २७ विद्यालयका ६ सय ५० छात्र र ६ सय ३९ छात्रा गरी १ हजार २ सय ८९ जना विद्यार्थीहरुको सहभागिता रहेको शिक्षा अधिकृत जानवी पाण्डेले जानकारी दिईन । सबै इभेन्टतर्फ प्रथम, द्धितिय र तृतियलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगिता सञ्चालनका लागि तेक्वान्दोतर्फ दीपेन्द्र बुढाप्रिथी, एथलेटिक्सतर्फ मोहन घले, कबड्डीतर्फ महेन्द्रबहादुर सुनार र भलिबलतर्फ दिनेश आचार्यलाई संयोजक तोकिएको थियो । तिनदिने प्रतियोगिताको समापन गर्दै सिद्धार्थनगर नगपालिकका प्रमुख इस्तियाक अहमद खानले धैर्यता र अनुसासन नै मानिसको सफलताको कडि भएको बताए । उनले बिजयी खेलाडीलाई बधाई दिदै उपबिजेताहरुलाई अझ मेहन गर्न आग्रह गरे । कार्यक्रममा बोल्दै सिद्धार्थनगर नगरपालिकाका उपप्रमुख उमा अधिकारीले प्रत्येक विद्यार्थीहरु अनुशासीत हुनुपर्ने कुरा बताउँदै, राष्ट्रिय, अन्तरराष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्न शुभकामना व्यक्त गरीन् । प्रमुख प्रशासकिय अधिकृत जनक थापाले पछिल्लो समय यो राष्ट्रपति रनिनंगशिल स्थानीय सरकारको गौरवको रुपमा रहेको उल्लेख गरे ।

इस्मा गाउँपालिकाको अनुरोध

चिसो तथा शीतलहरको समयमा,
- मौसमी रुघाखोकी, भाइरल ज्वरो, छातीको समस्या, दम , निमोनिया, झाडापखाला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- यो रोगले बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन्छन् ।
- उनीहरुको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाउँ ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं ।

अनुरोधक :
विवेक रणपाल परियार, प्रमुख प्रशासकीय अधिकृत
पार्वती कुँवर, उपाध्यक्ष
भगतसिंह खड्का, अध्यक्ष
इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

वाणगंगा नगरपालिकाको अनुरोध

शीत लहर तथा चिसोबाट जोगिन गर्ने पूर्व तयारीहरु
- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौ ।
- शीतलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं ।
- रातको समयमा न्यानो सिरक, कम्वल जस्ता ओड्ने प्रयोग गरौं र सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रवन्ध मिलाउने ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई बिशेष गरेर चिसोबाट जोगाउने ।
- चिसो समयमा शरीरलाई चाहिने तातो र झोलिलो खानेकुरा पर्याप्त खाने ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा बिशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने ।
- कोठाभित्र झ्याल ढोका बन्द गरी हिटर वा कोइला बालेर नसुत्ने, कोठाभित्र आगो, कोइला वा हिटर बाल्दा पर्याप्त भेन्टिलेटरको व्यवस्था मिलाउने ।

अनुरोधक
वाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु ,लुम्बिनी प्रदेश, नेपाल

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com